# <u>नेपालको संविधानलाई संशोधन गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावना</u>**: नेपालको संविधानलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो संशोधन जारी गरेको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस संशोधनको नाम "नेपालको संविधान (दोस्रो संशोधन), २०७७" रहेको छ ।

(२) यो संशोधन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>नेपालको संविधानको अनुसूची-३ मा संशोधन</u>**: नेपालको संविधानको धारा ९ को उपधारा (२) सँग सम्बन्धित अनुसूची-३ को सट्टा यसै साथ संलग्न भए बमोजिमको अनुसूची-३ राखिएको छ ।

संघीय संसद सचिवालय

## अनुसूची-३
## (धारा ९ को उपधारा (२) सँग सम्बन्धित)

### नेपालको निशान छाप




**द्रष्टव्यः** यो निशान छाप आवश्यकता अनुसार ठूलो वा सानो आकारको बनाउन सकिनेछ । त्यसमा नेपाल सरकारबाट निर्धारित रंगको प्रयोग हुनेछ ।

**जेठ ३१, २०७७ मा बसेको प्रतिनिधि सभाको बैठकले संशोधनविना पारित गरेको र असार ०४, २०७७ मा बसेको राष्ट्रिय सभाको बैठकले संशोधनविना पारित गरेको व्यहोरा नेपालको संविधानको धारा ११३ (१) बमोजिम प्रमाणित गरी नेपालको संविधानको धारा २७४ (९) बमोजिम प्रमाणीकरणका लागि पेश गरेको छु ।**

..............................

**(अग्निप्रसाद सापकोटा)**

**सभामुख**

**प्रतिनिधि सभा**

**मितिः २०७७/०३ /०४**

**प्रतिनिधि सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २७४(१०) बमोजिम प्रमाणीकरण गर्दछु।**

..............................

**(विद्यादेवी भण्डारी)**

**मितिः २०७७/०३ /०४** **राष्ट्रपति**

संघीय संसद सचिवालय